# सुन्तली

मिति : २०५५ साल ५ महिना १४ गते
नाम : सुन्तली के.सी.
लिंग : महिला
वर्ष : २३
वैवाहिक स्थितिः ________________.
.......

त्यो भन्दा तल्ला लाइनहरुमा पनि भर्नुपर्ने धेरै कुराहरु थिए । तर यहांनेर आएर सुन्तलीको कलम अड्कियो । के लेख्ने वैवाहिक स्थितिको बारेमा ? सत्य कुरा कसरी लेखिन्छ यो एकपाने कागतमा ? जागिर खानको लागि बनाइएको यो सानो फारममा लेखिएका गिनेचुने शब्दहरुले के उसका अनन्त विवरण दिन सक्छन् ? के यो फारममा रंगाइएका एउटा एउटा शब्दले उसको जीवनका एक एक पाटाका कथाहरु बोल्न सक्छन् ? प्रेरणा फाउण्डेशनको 'यौनरोग तथा एचआइभी एड्स विरुद्धको सचेतना कार्यक्रम'को लागि आवश्यक साथीशिक्षिकाको दरखास्त भर्ने बेलामा सुन्तली घोरिइ ।

फारम त भर्नै पर्छ । यसमा विवरण खाली राख्न मिल्दैन । संस्थाको नियम त्यही छ । तर यतिखेर उसको कलम रोकिएको छ । के लेख्ने यो फारममा ? अविवाहित उ पक्कै होइन । किनभने संसारलाई थाहा छ उसको आठ महिनाको एउटा छोरा छ । यतिखेर उसको काखमा निर्दोष अनुहार लिएर निदाइरहेको त्यही बच्चो छ । त्यसो भए उ विवाहित हो । तर सुन्तलीलाई आफुलाई विवाहित भनेर लेख्न मन छैन ।

-o-

उसको सेतो पहिरनले जनाइरहेका थिए उ एउटी विधवा हो । अनि उसका मैला कुच्चिएका लुगाले देखाइरहेका थिए उ असमयमै आफुले नगरेको पापको दण्ड भोग्न वाध्य एउटी असहाय नारी हो । हो उसको पनि विहे भएको थियो । एउटाको उ स्वास्नी थिई । धेरैकी उ बुहारी थिई । उसले धेरैको सेवा गरी । धेरैको बुहार्तन सहेर बसी । तर यतिखेर उसको दुःखमा साथ दिने कोही छैनन् । उ सबैकी थिई तर अहिले उसका कोही छैनन् । नितान्त उसको मात्र त्यही एउटा काखे बालख छ । तर कतिन्जेल उसले आफ्नो भन्न पाउने हो उसलाई थाहा छैन । उ बांचेकी थिइ आफ्नै सहारामा । तर उसको त्यो पहिचानलाई सम्मान गर्ने फारमहरु अहिलेसम्म कोरिएका थिएनन् । नेपाली कार्यालयका कुनै पनि दरखास्तमा एउटी जीउंदी महिलाको पहिचान मरेको पति भन्दा माथि राखिएको छैन ।

फारम भरेर बुझाए पछि उसलाई अर्को कोठामा बस्न भनियो । कार्यक्रमका संचालक संस्थाको बैठकमा थिए । यो कामको लागि उसले अन्तर्वाता दिनु थिएन । आठकक्षासम्म पढेर छोडेका उसका सर्टिफिकेटहरु देखाउनु पर्ने थिएन । उसले भोगेका पीडा र मानसिक यातनाहरु उसका सिफारिस थिए । उसले आंसु पिउंदै मर्न नसकेर बांचेका दिनहरु उसको जीउने अठोट र संघर्षशीलताका प्रतिविम्ब थिए । यो संस्था र उसको कार्यक्रमलाई उसको त्यही अनुभव चाहिएको थियो । उसले गरेको संघर्षको कथा चाहिएको थियो । उसको त्यही दर्दनाक कहानीलाई संस्थाको क्षमताले भ्याउने सहायता दिएर किन्न चाहेको थियो । अनि उसको लागि? उसको लागि आमाको दूध पीउन नपाएर घांटी सुकेको बच्चालाई खुवाउनको लागि आहार खरीद गर्ने द्रव्य चाहिएको थियो । आफ्नो शरीरमा प्राण रहेसम्म यो शिशुलाई हुर्काउने सहारा चाहिएको थियो । यो एउटा परिस्थितिले जुराएको मौका थियो अथवा यो उसको परिस्थितिसंगको सम्झौता थियो । त्यसैले यो काम उसकै लागि थियो ।

सुन्तली यौनरोगीहरुसंग छलफल र भेटघाट गर्नको लागि छुट्याइएको अलगै कोठामा बसेर पर्खन लागि । यहां आउंदैमा सबै यौनरोगी र बेश्यावृत्तिमै लागेका मान्छे मात्र हुंदैनन् भनेर भनेका थिए उसलाई भेट्न आउने कार्यकर्ताहरुले । तर पनि कता कता अप्ठेरो लागिरह्यो उसलाई । कसैले उसलाई यहां देख्दा के भन्लान्? जेठाजु जेठानीले के भन्लान् ? वास्तविकता नबुझेका छिमेकीहरुले के ठान्लान्?

जसले जे भनेपनि जसले जे सोचे पनि उसलाई जीउने सहारा चाहिएको थियो । उसले संचालकलाई भेटेर आजैदेखि काम शुरु गरेको देखाउनु थियो । नियममा रहेछ भने अलिकति रकम पेश्की लिएर आजै बजार गएर बच्चाको खुराकी किन्नु थियो ।

-o-

काखको बच्चा बिउंझेर रुंदा झसंग भइ सुन्तली । मैलो सानो झोलाबाट दूधको सिसी झिकेर खुवाउन लागी । बच्चा दुधको बोतल चुसेर शान्त भयो । सुन्तलीले उसलाई अफिसको कार्पेटमा खेल्न छोडिदिई । संसारको विसंगतिहरुसंग अनभिज्ञ, उ आफ्नै दुनियामा रमाएर भुइंमा खेल्न थाल्यो । आमाको दुर्भाग्यमा परेका दुःखका केही भाग जन्मनु अघिदेखि नै उसले भोग्दै आएको थियो । मातृस्तन चुसेर तृप्त हुन पाउने अधिकार समेत खोसिएको थियो उसबाट । तर उसलाई आफ्नो अधिकार खोसिएको अनुभव छैन । अनुभव नै भएपनि त्यसलाई व्यक्त गर्ने उसंग शब्दहरु छैनन् ।

विस्तारै त्यो अफिसमा मान्छेहरुको चहलपहल भयो । कोही चिनेका, कोहि नचिनेका मानिसहरु आउन लागे । मानिसहरु उसलाई त्यहां देखेर मुखामुख गर्थे । कोही बोल्न खोज्थे । कोही मुन्टो बटारेर निस्कन्थे । सुन्तलीलाई त्यहां बसिरहन अप्ठेरो लाग्यो । छोरालाई लिएर अफिस पछाडि निस्किइ । शीतलमा राखिएको बेन्चमा गएर बसी ।

शीतलमा बस्दा बच्चा फेरी बेखबर निदायो आमाको काखमा । झिना हातहरुले सुम्सुम्याएर माया गरी उसले छोरालाई । शान्त, निश्चल अनुहारमा हेर्दाहेर्दै कता कता छोराको अनुहारमा नारनको झल्को आयो । भित्र भित्रै उद्वेलित भई सुन्तली । नाम लिन्न त्यो असतीको भन्दा भन्दै खाटा बस्न लागेका विगतका घाउहरु कोट्टिन थाले ।

-o-

.... झण्डै दश वर्ष अघि सुन्तलीका माता पिता यो ठाउंमा बसाईं सरेका थिए । सुन्तली समेत दुई छोरा र तीन छोरी थिए । दुईटा भाइहरु र उसलाई लिएर उसका माता भित्री मधेश झरेका थिए । आएको एक वर्ष त नयां ठाउंमा अभ्यस्त हुन समय लाग्यो । गाउंमा बेरोजगारी थियो । केटाहरु हुर्केपछि कामको खोजीमा निस्कन्थे । भाग्यको खेल कोही दिल्ली पुगेर मेकानिक हुन्थे कोही बहादुर । सुन्तलीको भाइ पनि यो सालदेखि गाउंकै मनिरामको साथ लागेर डिल्ली गएको थियो ।

छोरीहरुको विहे सानै उमेरमा गर्नु पर्छ भन्ने मान्यताका थिए उसका पिता । उ अठार वर्ष पुगेदेखि नै राम्रो घर पाए दिने भनेर हेर्न थालेका थिए उसका पिताले । पल्लो गाउंका तिवारी कान्छाको छोरा नारन दुई वर्ष 'डिल्ली'मा काम गरेर छ महिनाको छुट्टिमा घर आयो । दिल्लीमा मेकानिक बनेर काम गरी बसेको नारन असल केटा ठहरियो । सुन्तली र नारनको विहे छिनियो ।

"खै किन हो म जीवनभर विहे गर्दिन भन्ने खालका कुरा पनि गर्थ्यो रे" सुन्तलीले त्यतिखेरको कुरा सम्झिइ । अन्तमा विना कुनै कारण टार्न नसकेपछि उनीहरुको विहे भएको थियो । विहे गरेको महिना दिनमा नारनलाई कम्पनीले बोलाएर दिल्ली फर्कियो । त्यतिबेलै टौवाबाट खसेर ससुराको खुट्टा भांचिइ राखेको हुनाले सुन्तली जान पाइन । नारन एक्लै दिल्ली फर्कियो ।

घरबाट निस्केको छ महिनापछि दिल्ली नफर्कने गरी नारन घर आयो । नारन पहिले भन्दा दुब्लो, पातलो भएर आएको थियो । सुन्तली खुसी भई अव नारन यतै बस्ने गरी आएकोमा । तर उसको खुसी विहानको शीत जसरी नै विलायो । उसको पति पहिलेको जस्तो थिएन । संगै भएर पनि टाढा भएजस्तो, आफन्त भएर पनि पराइ भए जस्तो । नारन यतिखेर कम बोल्ने, सधैं एक्लै बस्न रुचाउने भएर फर्केको थियो । सुन्तली चाहन्थी उसको पतिले उसलाई अंगालोस्, संगै बसेर दुःखसुखका केही तीतामीठा कुरा गरोस् । तर नारनलाई यी कुनै कुराको वास्ता थिएन । दिनभरी बजारतिर डुलेर आउंथ्यो अनि बेलुकी खाना खाएर कोल्टे फेरेर सुतिदिन्थ्यो । सुन्तली तड्पिन्थी पतिको न्यानो अंगालोमा कस्सिएर निदाउन । तर नारनले उसको प्यास मेटाउने कुनै अभिचेष्टा गरेन । परम्परागत संस्कृतिलाई अंगालेर हुर्केकी सुन्तली आफ्नै कर्मलाई लाञ्छना लगाउंदै तकिया भिजाइरही ।

यसरी नै केही महिना बिते । औंसी पूर्णे जस्तो गरी दुई पटक भएको यौन सम्पर्कबाट सुन्तली गर्भवती भइछ । उसको पतिको चेष्टामा कुनै परिवर्तन भएन । बरु काम नगरीकन डुलेर खांदा पनि दिनदिनै दुब्लाउंदै गएको थियो ।

सुन्तली गर्भवती भएको पांच महिनामा नारन साह्रो बिरामी भयो । कुटाइमको ज्वरोबाट शुरु भएको उसको बिमारी अस्पतालको जनरल बेडमा गएर टुंगियो । डाक्टरहरुले धेरै प्रयास गरे उसको बिमारी निको बनाउन । अनेकौं पटक रगत र पिसाब जांचे, अनेकौं थरि औषधीको प्रयोग गरे । तर नारनको रोग घटेन । सुन्तली गर्भवती शरीर लिएर सधैं उसको सेवामा लागिरही । तर उसको सेवा र डाक्टरको औषधीले नारनको रोगसंग लडेर जित्न सकेन ।

-o-

त्यो दिन नारनको अन्तिम दिन थियो अस्पतालमा । उसका जेठाजुको व्यवहार अलि फेरिएको महसुस गरी उसले । उनले आफैं डाक्टरसंग भित्र क्याबीनमा गएर कुरा गरे । डाक्टरसंग कुरा गरेर आएपछि एक्लै बसेर नारनसंग पनि धेरैबेर कुरा गरे उनले । सुन्तलीले परबाट हेर्दा कुनै गम्भीर कुराकानी भएको जस्तो लाग्यो । नारनले सकी नसकी केही कुरा उनलाई भनिरहेको थियो । त्यसको लगत्तै जेठाजु फेरी डाक्टरलाई भेट्न गए ।

सुन्तली नारनको छेउमा आएर बसी । नारनको अनुहारमा कुनै भाव थिएन । दलिनतिर हेरेर टोलाइरहेको थियो । सुन्तलीले साइनो बिना उसलाई बोलाएर छेउमा आफु उभिएको संकेत गरी । नारन केही बोलेन, बरु कोल्टो फकाईदे भनेर इशारा गर्‍यो । सुन्तली खिन्न मन र क्लान्त शरीर लिएर बेडको छेउमा बसेर टोलाइरही । दुब्लो शरीरमा पुटुक्क उठेको उसको पेटले उसका गर्भावस्थाका लक्षणहरु प्रष्ट देखाइरहेका थिए ।

त्यतिखेरै डाक्टरको कोठातिरबाट एउटा मान्छे आएर तपाईंको लोग्नेलाई ठूलो सरुवा रोग लागेको रहेछ, तपाईंको पनि रगत जांच्नु पर्छ भनेर भन्यो । सुन्तली प्रयोगशालासम्म पुगेर आई परीक्षणको लागि रगत दिएर । उ प्रयोगशालाबाट फर्केर आउंदा नारनलाई घर लाने बारेमा कुरा भइसकेको रहेछ । उसलाई अचम्म लाग्यो । नर्सले केही भन्छिन् कि भनेर सोधी ।

"तिम्रो लोग्नेलाई एड्स भएको छ अब बांच्दैन । अब अस्पतालमा उपचार हुंदैन । घर लगेर उतैबाट गर्ने ।" नर्सले कर्कस स्वरमा एकैचोटी विस्फोट गरी । एड्स के हो उसलाई थाहा थिएन । अनिष्ट होला भनेर त उसले पनि कल्पना गरिसकेकी थिई । त्यसमाथी नर्सले देखाएको व्यवहार सहन सकिन उसले । त्यहीं बसेर रुन लागी ।

"उसलाई पनि भइसकेको होला । त्यत्रो पांच छ महिनाको पेट भइसकेछ ।" नारनलाई टेम्पोमा राख्न लैजांदै गर्दा ढोकाबाट बाहिर निस्कने बेलामा उसका कानमा परे । अघिको नर्स अर्को नर्ससंग चर्को चर्को स्वरमा उसकै कुरा गर्दै थिई ।

-o-

नारनलाई घरमा ल्याएको भोलिपल्ट उसले जुनी फेर्‍यो । पन्ध्र दिनसम्म हस्पिटलको बेडमा जण्डिस र ज्वरोसंग जुधेपछि तुलसीको मठमुनि नारनले सुन्तलीलाई संधैको लागि छोडेर गयो । सुन्तलीको सिउंदोको सिंदुर पुछियो । उसको पेटको बालक गर्भमै टुहुरो भयो । त्यसको अर्को महिना एकदिन जेठानीले आएर उसलाई पनि एड्स लागेको छ रे भनेर सुनाइन् ।

उसलाई अझै थाहा थिएन एड्स के हो भनेर । न त उसलाई यो कसरी सर्छ भन्ने नै थाहा थियो । नारनको मृत्युपछि उ बाहिर निस्कन छोडेकी थिई । त्यसमा पनि पेट बढ्दै गएकोले बाहिर निस्कने बेला पनि थिएन । नबुझ्नेहरु सुन्तलीको भाग्यलाई दोष दिइरहेका थिए । पेटमा भएको बालकले समेत बाबु टोकाहाको अपजस बेहोरिरहेको थियो । सुन्तली बोल्न सक्दिनथी । न त बोल्नुको कुनै औचित्य नै थियो त्यो रुढीबाद र पुरातनपन्थी बिचारहरुले जरा गाडेको गाउंमा ।

सुन्तलीको सुत्केरी हुने बेला आयो । तर उसलाई जिल्लाको अस्पतालले भर्ना गरेर सुरक्षित बच्चा जन्माउने व्यवस्था गर्न सकेन या गर्न मानेन । काठमाण्डौं सिफारिस गरिदिने भयो । रकमको व्यवस्था कसरी गर्ने ? आफ्ना कोही

थिएनन् । बाबु आमाले मुखले मात्र सहयोग गर्न सक्थे । रकम जम्मा गर्ने हैसियत थिएन । वचत रकम जेठाजुसंग पनि थिएन । आखिर उसले पछि पाउन सक्ने अंशबाट कट्टा गर्ने गरी जेठाजुले रकम खोज्ने भए । आफ्नो जातक भाइको एउटै चिनोलाई धर्तिमा ल्याउन लाग्ने खर्चको जिम्मेवारी सगोलमा गर्न सकेनन् उनले । सासु ससुरा मुख बन्द गरेर बसे ।

जेठाजुले उसलाई काठमाण्डौं लिएर गए । राष्ट्रिय यौनरोग तथा एचआइभी रोकथाम केन्द्र टेकुमा उसलाई राखियो । काठमाण्डौंमा उसलाई त्यति दुख भएन । एक दुई दिन पछि माइतीबाट आमा आइन् । सुत्केरीमा कुनै समस्या आएन । बच्चामा जन्मंदा खेरी एड्सका किटाणुहरु भेटिएनन् । तर सुन्तलीले बच्चालाई आफ्नो स्तनपान गराउन नपाउने भई । आफुलाई पनि घाउचोटबाट बचाएर बस्नु पर्ने भयो उसले । डाक्टरले भने अनुसार बच्चालाई सम्भावित एड्स संक्रमणबाट बचाउने यही एउटा उपाय थियो ।

झण्डै एक महिनाको काठमाण्डौं बसाइ पछि सुन्तली काखमा बच्चा लिएर गाउं फर्किइ । जेठाजुको गाउंमा इज्जत फैलियो भाइको चिनो सकुशल लिएर आएकोमा । उसको व्यथा सुनेर अस्पतालले निशुल्क बेड मिलाइदिएको थियो । औषधी किन्दा लागेको रकम सहयोगी संस्थाहरुले तिरिदिए । भित्र जे जस्तो भए पनि उसलाई जेठाजुले नै सम्भावित कालको मुखबाट जोगाइदिएर ठूलो गुन लगाएका थिए ।

यी सबै घटनाहरुलाई इज्जतको खातिर लुकाउन खोजिएको थियो । सुन्तलीका जेठाजु जे भयो भयो अब यसलाई बाहिर ल्याउनु हुन्न भन्नेमा थिए । तर जेठानीको मुख बन्द रहन सकेन । सुन्तली काठमाण्डौंबाट फर्कंदा गाउंमा कतै कतै उसको रोगको बारेमा कुरा चुहिसकेको रहेछ । अलि अलि जान्ने बुझ्नेले जथाभावी यौन सम्पर्क गर्नेलाई यो रोग लाग्छ भन्ने कुरा फैलाउन थालेका रहेछन् । नारन दिल्लीमा बस्दा त्यतैका कोठीहरुको चक्कर काट्ने कुरा पछि उसका साथीभाइबाट खुल्न आए । तिनै कुराहरुमा आधारित भएर कतै कतै सुन्तलीलाई पातकीको स्वास्नी भनेर समेत हेला गरे । आफन्तहरु नै उसबाट रोग सर्ला भनेर पर पर भए । सुत्केरीमा एकसरो मीठो मसीनो पकाएर ख्वाउने पनि कोही भएनन् । सुन्तलीले पाउनु दुख पाइ ।

सुन्तली निर्दोष थिई । एकछिनको यौनइच्छा रोक्न नसकेर कसैले गरेको अपराधको दण्डको भागी भएकी थिई । आफ्नो पतिसंग यौन सम्पर्क गर्नु उसको कुनै अपराध थिएन । यदि यस्तो होला भन्ने कल्पना मात्र भएको भए उसले आफुलाई त्यसबाट टाढै राख्ने थिई होला । घटनाको वास्तविक कारण गाउंमा धेरैलाई थाहा थिएन । कसैले उ प्रति सहानुभुति देखाउंथे र केही सहयोग पुर्याउंथे । कसैले पोइ टोकुइको संज्ञा दिन्थे । कोही मुल्याहा छोराले बाबु टोक्यो भन्थे । तर उ आफैंलाई थाहा थियो उ कति टोकिइएकी छ, उसमाथि कति छल भएको छ भन्ने ।

कति पटक उसले आत्महत्याको विचार बोकेर हिंडीरही । कति पटक उसले आफैंलाई सिध्याउने प्रयाश गरी । बच्चाको अनुहारमा नारनको झल्को आउंदा उसलाई सिध्याएर आफु पनि सेरिउं भन्ने सोच्दथिई । तर पुनः बालकको निर्दोष अनुहार हेरेर उसले त्यसलाई लागू गर्न सकिन ।

-o-

गाउं अझै ब्युंझेको थिएन । सुन्तलीको घटना जस्तै घटना घर घरमा भयानक महामारीको रुपमा फैलन सक्ने सम्भाव्यता थियो । गाउंका अधिकांश युवा र अधबैंशे मानिसहरु अझै पनि इण्डिया जाने क्रम रोकिएको थिएन, बरु बढ्दो बेरोजगारी र सामाजिक असुरक्षाको कारणले बढ्दो थियो ।

यो कुरा केही प्रगतिशिल युवाहरुबाट लुकेको थिएन । पहिले तीनै समाजसेवी युवाहरु जागे । निदाएका गाउंलेहरुलाई ब्युंझाउने संकल्पका साथ 'प्रेरणा फाउण्डेशन'को गठन गरे । केही गरौं भन्ने भावना र अवनरत संकल्प बोकेर कर्मक्षेत्रमा होमिएका तिनै परीश्रमी युवाहरुले एचआइभी र एड्स विरुद्धको लडाईंलाई आफ्नो कार्य क्षेत्र बनाए । हो त्यसैको मूर्तरुप थियो प्रेरणाको यौनरोग तथा एचआइभी एड्स सचेतना कार्यक्रम ।

-o-

"सुन्तली, तिमी भित्र जाउ अरे ।"

कसैले आफैंलाई सम्बोधन गरेर बोलाउंदा सुन्तलीको सोचाइका श्रृंखला टुटयो । विस्तारै उठेर भित्र गई । कार्यक्रमका संचालक आइसकेका रहेछन् ।

कार्यक्रमका संचालक नातामा दाजु पर्थे सुन्तलीको । धेरैबेर कुरा भयो । संस्थाको स्थापना र उदेश्य देखि एचआइभी एड्स विरुद्धको संघर्षको पुरा कथा बताए उनले । यौनरोग र एड्सका कारण र लक्षणहरु विस्तृत रुपमा बताए । सुन्तलीले भोगेको सजायको कारक तत्वलाई स्पष्ट रुपमा चित्रित गरे । कति निर्दोष गृहिणीहरु अरुले गरेका भूलको सजाय असहाय भएर भोगिरहेका छन् भन्ने अवगत गराए । सुन्तलीले त्यो सुनिरही ।

उनको सामाजिक विकृति विरुद्धको आफ्नो संघर्षमा सुन्तलीबाट के चाहेका थिए त्यो पनि बताए उनले । हो उनले सुन्तलीको कथालाई उसकै शब्दमा सुनाएर समाजलाई सामाजिक विकृतिबाट जोगाउन चाहेका थिए । उनको प्रस्ताव स्वीकार गरेको खण्डमा सुन्तलीले गाउं गाउंमा गएर अरु दिदी बहिनीको बीचमा आफ्नो कथा सुनाउनु पर्ने थियो । उनीहरुलाई स्वस्थ र स्वच्छ यौनजीवन विताउने सन्देश दिनु थियो ।

सुन्तलीले पुनः एक पटक आफ्नो अतितदेखि वर्तमान सम्म फर्केर सोची । अनि आफ्नो भविष्यको अवश्यंभावी मृत्युलाई नियाली । अब सुन्तलीलाई थाहा भइसकेको थियो उ धेरै बांच्दिन भन्ने । छिटै मर्नु छ भने यो समाजलाई अलिकति गुन लगाएर मर्छु भन्ने अठोट गरी । आफुजस्ता दिदी बहिनीहरुको भाग्य र उनीहरुको अज्ञानता सम्झिइ र सास रहंदासम्म जीवनसंग संघर्ष गर्ने निर्णय गरी ।

यसरी सुन्तलीले सहाराको कार्यक्रममा साथीशिक्षिकाको रुपमा काम गर्न लागि । उसलाई अहिले आफ्नो मृतक पतिको बेइमानीको कथा सुनाउंदा कुनै संकोच हुंदैन । उसले धेरैजना कार्यक्रमहरुमा सहभागी भई । उसको कथा सुनेर धेरैका आंखा रसाए । धेरै दिदी बहिनीका आंखाको बादल उनीहरुको आंसुसंगै पखालियो । गृहिणीहरुबाट शुरु भएको स्वस्थ यौनजीवन र सुरक्षित मातृत्वको ज्ञानको ज्योति सबै गाउंघरमा फैलियो ।

-o-

सुन्तलीले प्रेरणामा तीन वर्ष काम गरी । यसै बीचमा उसको सल्लाह र सुझावमा अनेकौं पटक महिला र पुरुषका लागि घुम्ति यौनरोग उपचार शिविरहरु संचालन गरिए । महिला र पुरुष दुवैलाई हुने गरी यौनरोग र एचआइभीको बारेमा सचेतना कार्यक्रमहरु गरिए । लुकाएर राखिएका यौनरोगहरुको उपचार पाएर महिलाहरुको शारीरिक, मानसिक विकास र उनीहरुको जीवनशैलीमा परिवर्तन भयो ।

आज सुन्तलीले यो संसारबाट संधैका लागि विश्राम लिई । उसको छोरा एचआइभी संक्रमणबाट मुक्त थियो । रोइरहेको छोरालाई उठाएर जेठानीले काखमा लिएर फुल्याइन् । घाटमा अश्रुपुर्ण नजरले सुन्तलीलाई विदा गर्दै जेठाजुले दागवत्ती दिए ।

अवर्न विश्वविद्यालय, अलावामा
मार्च ७, २००३

*प्रथम प्रकाशितः*
***अन्तर्दृष्टि*** *(त्रैमासिक प्रकाशन)*
*अन्तर्राष्टिय नेपाली साहित्य समाज*
*वर्ष ११ अंक १ र २ ९ (मे २००३)*
http://www.inls.org